दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| खण्ड : | संख्या : १९ | मिति २०७६।१।१९ |
|---|---|---|

## भाग-२

## दमक नगरपालिका, झापा

**प्रस्तावना** :ट्राफिक कार्यालयको समन्वय र सहकार्यमा दमक नगरपालिका क्षेत्रभित्रको शहरी सुदृढिकरणका लागि सवारी तथा ढुवानीका सबै प्रकारका साधनको प्रयोग, सञ्चालन, व्यवस्थापन नियन्त्रण तथा नियमन गरी बजारभित्रको यातायात आवागमन, ट्राफिक व्यवस्थापन, सवारी सञ्चालन अनुमति सम्बन्धी व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम दमक नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण दमक नगरपालिका को कार्यविधि २०७६"**रहेको छ ।

२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानिय राजपत्रमा प्रकासन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा:** यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

२.१ **"ट्राफिक व्यवस्थापन"** भन्नाले सबै प्रकारका सवारी साधन सञ्चालन, नियन्त्रण र नियमन समेतलाई बुझाउने छ ।

२.२ **"समिति"** भन्नाले यसै कार्यविधि बमोजिम गठित यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिलाई बुझाउनेछ ।

२.३ **"सवारी साधन"** भन्नाले २ पांग्रे, ३ पांग्रे, ४ पांग्रे, ६ पांग्रे यात्रुबाहक र सोभन्दा माथिका हलुका, मध्य र बढी भारवहन क्षमता भएका मालबाहक र पूर्वाधार विकासका यन्त्र उपकरण समेतलाई जनाउनेछ ।

२.४ **"तोकिएको"** भन्नाले यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिले तोकेको वा नगरपालिकाले तोकेको क्षेत्र, बिषय र अधिकार जनाउनेछ ।

२.५ **"हम्प"** भन्नाले सडकको बीचमा सवारी गति नियन्त्रण गर्न निर्माण गरिने अवरोधलाई जनाउनेछ ।

२.६ **"आचारसंहिता"** भन्नाले ऐन नियम, कार्यविधिको पालन गर्न प्रतिबद्धता र अनुशासनको लिखित दस्तावेजलाई जनाउनेछ ।

## परिच्छेद-२

## यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समिति

**३. समितिको गठन:** (१) नगरपालिकाले तोकेको नगर

कार्यपालिका सदस्यको संयोजकत्वमा देहाय बमोजिम सदस्य रहने गरी बढीमा ३७ जनासम्मको यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समिति गठन गरिनेछ ।

क) संयोजक-नगर कार्यपालिका वोर्डले तोकेको १ जना

ख) सदस्य-इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

ख) सदस्य-इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

ग) सदस्य-ट्राफिक कार्यालय दमकका प्रमुख वा प्रतिनिधि १ जना

घ) सदस्य-सडक विभाग कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

ङ) सदस्य-विद्युत प्राधिकरण दमक वितरण केन्द्रको कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

च) सदस्य-दमक उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि १ जना

छ) सदस्य-रेडक्रस सोसाइटी उपशाखा दमक सभापति वा प्रतिनिधि १ जना

ज) सदस्य-दमक खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष वा प्रतिनिधि १ जना

झ) सदस्य-नगर प्रहरी दमक प्रमुख १ जना

ञ) सदस्य-सामुदायिक प्रहरी सेवा केन्द्र दमकका प्रतिनिधि १ जना

ट) सदस्य-दमकमा सक्रिय पत्रकार मध्येबाट १ जना

ठ) सदस्य-नगरपालिका क्षेत्रभित्रका राजनीतिक दलबाट १/१ जना गरी बढीमा ५ जना

ड) सदस्य-साना, ठूला, ३ पांग्रे र सो भन्दा माथिका यातायात व्यवसायी र मजदुर संघ संगठन मध्येबाट न.पा.ले तोकेका बढिमा ५ जना

ढ) सदस्य सामाजिक क्षेत्रमा कार्यरत महिलाहरु मध्ये न.पा.ले मनोनित गरेका ४ जना

ण) सदस्यविभिन्न सामाजिक संघसंस्था र सामाजिक व्यक्तिहरुबाट नगरपालिकाले मनोनित गरेका ४ जना

त) सदस्य वडा नं १, ४, ५, ६,७, ८ र ९ बाट एक/एक जना वडाध्यक्ष वा प्रतिनिधि ७ जना जम्मा ३७ जना

२) समितिले सदस्यहरु मध्येबाट १ जनालाई सचिवको जिम्मेवारी तोक्नेछ ।

३) कुल पदाधिकारीको एक तिहाई सदस्य नबढ्ने गरी कार्य सञ्चालन समिति गठन गरिने छ ।

४) समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

५) समितिको काम, कर्तव्य र अधिकार : १) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ :

क) नगरपालिकाको बजार क्षेत्रमा सवारी, ढुवानी र निर्माण उपकरणको सशुल्क वा निःशुल्क पार्किङ क्षेत्र तोकी नगरपालिकाको स्वीकृतिमा लागू गर्ने ।

ख) पैदलयात्रीका लागि ट्राफिक लाइट, जेब्राक्रस व्यवस्था गर्ने

ग) सवारी साधन, ढुवानी साधन र निर्माण उपकरणको गतिसीमा तोक्ने

घ) ट्राफिक सांकेतिक बोर्ड राख्ने

ङ) बाटो अवरोध हटाउने

च) बाटो अवरोध गरी सामग्री राख्न बन्देज गर्ने

ज) बजार क्षेत्रभित्र हर्न निषेधित क्षेत्र तोकी लागू गर्ने

झ) ट्राफिक नियम उल्लंघन गर्नेलाई जरिवाना गरी न.पा.कोषमा दाखिला गर्ने ।

ञ) पार्किङको नियमित अनुगमन गर्ने ।

ट) ट्राफिक जनचेतनामुलक कार्यक्रम, तालिम, सेमिनार इत्यादी संचालन गर्ने ।

ठ) कामको मासिक प्रतिवेदन न.पा. समक्ष पेश गर्ने ।

ड) कार्यालय सञ्चालनको प्रवन्ध मिलाउने ।

ढ) सदस्यहरुको राजिनामा स्वीकृत गर्ने

ण) न.पा.ले तोकेका अन्य काम गर्ने ।

त) समितिले आवश्यकता हेरी कार्यसम्पादनमा सहजताका लागि विभिन्न उपसमितिहरु गठन गरी कार्य विभाजन गर्न सक्नेछ ।

थ) समितिले कुनै पनि किसिमको विवाद, सामान्य झैझगडा, लेनदेनका बिषयहरुमा छलफल गर्ने गराउन सक्नेछ।

६) पदाधिकारीको काम, कर्तव्य र जिम्मेवारी: १) यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिका पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी देहाय अनुसार रहने छ ।

**क) संयोजक** : यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिका संयोजकको देहाय बमोजिमको काम, कर्तव्य र जिम्मेवार रहने छ :

१. आवश्यकता अनुसार समितिको बैठक बोलाउन निर्देशन दिने

२. बैठकको अध्यक्षता गर्ने

३. आवश्यक कार्यको लागि जिम्मेवारी बाँडफाँड गर्ने

४. समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने

५. समितिको निर्णय कार्यान्वय गर्ने गराउने ।

**ख) सचिव :** यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिका सचिबको देहाय बमोजिमको काम, कर्तव्य र जिम्मेवार रहने छ

१. संयोजकको निर्देशन अनुसार बैठक बोलाउने

२. दैनिक कार्यालय सञ्चालन गर्ने

३. आवश्यक कागजात सुरक्षित एवम् व्यवस्थित गर्ने ।

४. संयोजकको निर्देशन अनुसार पत्राचार एवं सम्पर्क गर्ने ।

**ग) सदस्यः** यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिका सदस्यहरुको देहाय बमोजिमको काम, कर्तव्य र जिम्मेवार रहने छ

१. समितिको निर्णय कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।

२. नियमित बैठकमा भाग लिने ।

३. संयोजकको निर्देशन अनुसार अन्य काम गर्ने ।

**७) समिति पदाधिकारीको आचारसंहिता :** यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढिकरण समितिका पदाधिकारीहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

क) आचरण शुद्ध हुनुपर्ने

ख) कुनै प्रलोभनमा नपर्ने

ग) कुनै पनि राजनैतिक दल,संघसंस्था वा अन्य कुनैपनि किसिमको दवाबमा नरहने

घ) आफ्नो काम, कर्तव्य र जिम्मेवारी प्रति प्रतिबद्ध रहने

ङ) सार्वजनिक स्थानमा धुम्रपान, मद्यपान सेवन लगायत गलत हर्कत गरी समितिको छविलाई बिगार्न नहुने ।

**८) पदमुक्त हुने :** समितिका सदस्यहरु देहायको अवस्थामा पदमुक्त हुनेछन् ।

क) सम्बन्धित निकाय वा संस्थाले फिर्ता बोलाएमा ।

ख) समितिको काम, कर्तव्य र अधिकारप्रति पूर्ण रुपमा उदासिन रहेमा ।

ग) आचारसंहिता विपरित कार्य गरेमा ।

घ) स्वेच्छाले राजिनामा गरी स्वीकृत भएमा ।

ङ) मृत्यु भएमा ।

च) प्रचलित कानुन अनुसार अयोग्य ठहरिएमा।

**९) कार्यालय सञ्चालन र बैठक सम्बन्धी व्यवस्था :**

क) व्यवस्थापन समितिको कार्यालय समितिले तोकेको ठाउँमा हुनेछ ।

ख) कार्यालय व्यवस्थापनमा न.पा.ले सहयोग गर्नेछ ।

ग) कार्यालय दैनिक रुपमा सञ्चालन हुनेछ ।

घ) समितिको बैठक प्रत्येक ३/३ महिनामा र कार्य सञ्चालन समिति (सचिवालय) बैठक प्रत्येक महिनामा १ पटक अनिवार्य र आवश्यकता अनुसार थप बस्न सक्नेछ ।

ङ) कार्यालय सञ्चालन र बैठक सञ्चालन विधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

च) बैठकको सूचना पत्राचार वा डिजिटल माध्यमबाट समेत गर्न सकिनेछ ।

## परिच्छेद-३

## ट्राफिक व्यवस्थापन

**१०) पार्किङ्को व्यवस्था :** दमक नगरपालिकाको क्षेत्रभित्र पर्ने चौक वा भीडभाडको स्थान वा अव्यवस्थित गाडीहरुलाई व्यवस्थित रुपले पार्किङ्ग गर्न गराउनको निम्ति उपयुक्त स्थानको खोजी गरी समितिले पार्किङ क्षेत्र तोक्न सक्नेछ । यसरी पार्किङ क्षेत्र तोक्दा सडकको अवस्था, यातायातको सुविधा, व्यापार व्यवसायलाई असर नपर्ने गरी तोकिनेछ । यसका लागि समितिले योजना बनाई न.पा.बाट स्वीकृत गराई लागू गरिनेछ ।

(१) व्यवसायिक पार्किङ सञ्चालन गर्नुपरेमा समितिसँग परामर्श र स्वीकृति लिनु पर्नेछ ।

(२) अस्पताल, बैंक, होटल, ब्यापारिक मलहरुले आफ्ना

ग्राहकलाई ध्यानमा राखी पार्किङ  एवं यात्रु बस्ने व्यवस्थापन आफै मिलाउने र सोको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(३) सार्वजनिक स्थलमा तोकिएको ठाउँमा मात्र पार्किङ गर्नुपर्ने छ ।

३.१ बजारको अवस्था, सवारीको चाप समेतलाई ध्यान दिई सडकमा एकतर्फी पार्किङ गर्नुपर्नेछ ।

३.२ नगरपालिका भित्रका निजी, सरकारी, गैरसरकारी, भारी, हल्का, २ पांग्रे, ३ पांग्रे, ४ पांग्रे, ६ पांग्रे र सोभन्दा माथिका सबै सवारी र ढुवानीका साधनहरुका लागि तोकिएका निश्चित क्षेत्रमा पार्किङ गर्नुपर्नेछ ।

(४) निर्धारित क्षेत्रमा पार्किङ बापत तोकिएको शुल्क र जरिवाना वा पटके जरिवाना तिर्नु सबैको दायित्व हुनेछ ।

(५) न.पा. भित्र पूर्व रतुवा पूलदेखि पश्चिममा मावा पूलसम्म लोकमार्गको मध्य विन्दुबाट दुवै किनारतर्फ ८२/८२ फिटसम्मको क्षेत्रमा कुनैपनि संरचना राख्न वा बनाउन पाइने छैन । सो क्षेत्रमा तोकिएको समय भन्दा बढी समयसम्म कुनैपनि सवारी साधन रोक्न पाइने छैन ।

(६) दमक चौकमा रहेको आकाशे पूल लगायत यातायात आवगमन तथा ट्राफिक व्यवस्थापनमा अवरोध पुग्ने गरी कुनै प्रचार प्रसार सामग्री, होडिङ बोर्ड लगायतका सामाग्री टाँस्न वा राख्न पाइने छैन ।

(७) लोकमार्ग क्षेत्रमा कुनै पनि किसिमका सार्वजनिक वा व्यक्तिगत प्रयोजनका लागि आयोजना गरिएका सभा समारोह गर्न वा भिडभाड गर्न निषेध गरिएको छ ।

(८) बसपार्कभित्र पार्किङ काउन्टर र स्टेसन समितिले तोकेको ठाउँमा मात्र हुनेछ । सिटी, टेम्पो, ठेला आदि समितिले तोकेको ठाउँमा राख्नु पर्नेछ । पूर्वपश्चिम लोकमार्गबाट दाँया बाँया ८२ फिट बाहिर मात्रै यातायात सेवा सम्बन्धि काउण्टर समितिले तोके अनुसार मात्रै राख्नुपर्नेछ ।

## ११ अन्य व्यवस्थापनः-

### (१) ध्वनी प्रदूषण नियन्त्रणः

क) मोटरसाईकलहरुको स्वरुप परिवर्तन गरी गराई साइलेन्सर पाइप बदली ध्वनी प्रदुषण गर्ने गरेमा त्यस किसिमको सवारी साधन प्रयोग गर्न नदिने जानकारी गराई यदि सो जानकारीलाई अटेर गरी चलाएमा सो सवारी साधन समेत पक्राउ गरी चालकलाई समेत कानुन अनुसार कार्वाही गर्ने गराउने ।

ख) ब्यापारीहरुले आफ्ना सामान बिक्री गर्नका निम्ति माइकिङ गरी सहरलाई नै ध्वनी प्रदूषण गर्ने, त्यसरी नै धार्मिक दृष्टिकोणका आस्था भएकाहरुले पुराण, भजनकीर्तन गर्दा समाजमा पर्ने ध्वनी प्रदूषणको असर जस्तैः हस्पिटल, स्कूल, बजार इत्यादीको छेउछाउमा माइक लगाएर ध्वनी प्रदूषण गर्न गराउन पाइनेछैन । साथै साँझको हकमा भने आफ्नो घरमा, संघसंस्थामा भजन कीर्तन गर्नुपरेमा राती ९ बजेभन्दा पछिको समयमा माइकिङ गरेर भजनकीर्तन गर्न पाइने छैन । यदि गरेमा कानुन अनुसार कार्वाही गरिनेछ ।

(२) **छाडा चौपायाः** हाइवे तथा सबै क्षेत्रका सडकहरुमा सडक अवरोध हुने गरी पशु चौपाया बाँध्न, छाडा छाड्न तथा पराल इत्यादी सामाग्री राख्न पाइनेछैन । यदि सो कुरालाई अटेर गरीएमा त्यस्ता चौपाया, पशुहरु यस समितिले पक्राउ गरी सम्बन्धित कार्यालयमा बुझाई चौपाया धनीलाई समेत आवश्यक कार्वाही गर्ने गराउने ।

(३) **चौपाया हिँडाउन बन्देज** : बजारमा बिक्रि गर्न ल्याइने चौपाया पशुबजार सम्म लैजान ल्याउन समितिले निश्चित बाटो निर्धारण

गर्नेछ । तोकिएको बाटो बाहेक अन्य बाटोबाट पशु हिडाएमा जरिवाना हुनेछ । जरिवाना गर्नुपूर्व यथेष्ट मात्रामा सचेत गराउनु पर्नेछ । सचेत गराउने विधि लिखित, मौखिक र सूचना बोर्डमार्फत हुनेछ ।

(४) **कुकुरहरुः** कुकुर पाल्ने महानुभावहरुले कुकुरलाई सडकमा नछाड्ने गरी व्यवस्थित रुपबाट पाल्नुपर्नेछ ।

## परिच्छेद-४

## सवारी वा ढुवानी प्रवेश निषेध सम्बन्धी व्यवस्था

**१२) सवारी वा ढुवानी प्रवेश निषेधः** (१)बजारभित्र निर्माण सामाग्री ढुवानी तोकिएको समयमा मात्र गर्न पाइनेछ ।

(२) मालबाहक तथा ठूला सवारीहरुले तोकिएको समयमा मात्र बजारमा मालसामान ढुवानी गर्नुपर्नेछ ।

(३) निर्माण सामग्री ढुवानी गर्ने सवारीले धुलो नउड्ने एवम् पानी नचुहिने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(४) निर्माणका सामग्री ढुवानी गर्दा समितिले तोकेको बाटो र तोकेको समयमा मात्र ढुवानी गर्नुपर्नेछ।

(५) सामग्री ढुवानी गरिसकेपछि तोकिएको ठाउँमा मात्र पार्किङ गर्नु पर्दछ । यदि तोकिएको ठाउँमा पार्किङ नगरेको पाइएमा सडकको अवरोध हेरी जरिवाना गरिनेछ । जरिवाना ट्राफिक नियम अनुसार हुनेछ ।

(६) बजार क्षेत्र भित्र मालसामान चढाउन र खसाउन (लोड अनलोड) तोकिएको स्थानमा तोकिएको समयभित्र मात्र गर्न पाइनेछ ।

# परिच्छेद-५
# गति नियन्त्रण र जरिवाना

**१३. सवारीको गति नियन्त्रण:** (१) नगरपालिका बजार क्षेत्र र लोक मार्गमा प्रतिघण्टा ४० कि.मि.को माथि गतिमा सवारी चलाउन पाइने छैन ।

(२) समितिले सडकको व्यस्तता, सवारी चाप समेत हेरेर गाडीको गति सीमा तोक्नेछ । यस्तो गति प्रत्येक सडकमा फरक-फरक हुन सक्नेछ ।

(३) सडकमा गति नियन्त्रण गर्न हम्प राख्न पाइनेछैन । यसअघि नर्माण भएका हम्प१ महिनाभित्र सम्बन्धित उपभोक्तालाई हटाउन आदेश दिइनेछ । उपभोक्ताले नहटाए न.पा. आफैंले हटाउनेछ ।

**१४. कारबाही तथा जरिवाना :** (१) सवारी नियम उल्लंघन गर्ने सवारीमाथि ट्राफिक नियम अनुसार ट्राफिक प्रहरीले जरिवाना गर्नेछ ।

(२) न.पा.ले तोकेका यातायात तथा ट्राफिक व्यवस्थापन सम्बन्धि अन्य किसिमका नियम उल्लंघन गर्ने सवारीलाई समितिले जरिवाना गर्ने छ ।

(३) सवारीसाधन दुर्घटना भएमा गल्तिको आधारमा सानोठूलो सवारी नभनी जुन सवारी साधनले गल्ति गरेकोछ पहिचान गरी गल्ति गर्ने सवारी चालकलाई कारबाही हुनेछ ।

(४) नगरपालिका क्षेत्रभित्र मापसे गरी सवारी चलाएमा २४ घण्टासम्म प्रहरीले नियन्त्रणमा लिनसक्नेछ । त्यस्ता चालकसँग जरिवाना समेत लिन सकिनेछ ।

# परिच्छेद-६
# विविध

**१५. सडक सुरक्षाः** (१) बाटोमा सवारी बिग्रिएमा २ घण्टाभित्र साइड लगाई सुरक्षित ठाउँमा लगी सक्नुपर्नेछ । त्यति बेलासम्म बिग्रेको सवारी रुङालो अनिवार्य राखेको हुनुपर्छ ।

(२) बजार क्षेत्रमा हर्न बजाउन पाइने छैन ।

(३) नगरपालिका क्षेत्रभित्र मात्र सञ्चालन हुने व्यवसायीक सिटी रिक्सा र अटो लगायत सवारी तथा ढुवानी साधनमा आबश्यक चालकलाई नगरपालिकाले स्थानीय परिचय पत्र अनिवार्य जारी गर्नेछ । त्यस्तो परिचय पत्र न.पा.ले तोके अनुसार हुनेछ । परिचय पत्र नलिने चालकले न.पा. क्षेत्रमा स्थायी रुपमा सवारी चलाउन पाउनेछैनन् ।

(४) लोकमार्गमा चल्ने सवारीले तोकेको ठाउँ बाहेक अचानक बिचमा सवारी रोकेर यात्रु चढाउने र ओराल्ने गर्न पाइने छैन ।

**१६. प्रेरणा र प्रोत्साहनः** नगरपालिका क्षेत्र भित्र नियम संगत सवारी चलाउने मध्ये साना र ठूला सवारी छुट्याई चालकलाई प्रोत्साहन गरिने छ ।

**१७.अनुगमन समितिः** (१)नगरपालिका क्षेत्रभित्रको समग्र ट्राफिक व्यवस्थापनको अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

१) नगर प्रमुख - संयोजक

२) नगर उपप्रमुख- सहसंयोजक

३) इलाका प्रहरी प्रमुख — प्रमुख सदस्य

४) इलाका प्रशासन प्रमुख- — प्रमुख सदस्य

५) इलाका ट्राफिक प्रमुख- — प्रमुख सदस्य

६) प्रमुख प्रशासकिय अधिकृत, दमक — सदस्य सचिव

७) पत्रकारमध्ये नगर प्रमुखले तोकेका — सदस्य

(२) अनुगमन समितिलाई सहयोग गर्नु समितिको दायित्व हुनेछ ।

(३) दफा १७.१ बमोजिम गठित समितिले अनुगमन विधि आफैं निर्धारण गरी आवश्यकता अनुसार अनुगमन गर्नेछ र सोको प्रतिवेदन न.पा.मा बुझाउनेछ ।

**१८) बाल मजदुर निषेधः** १८ वर्ष उमेर नपुगेका बाल श्रम प्रयोग गर्ने सवारीधनीलाई प्रचलित कानुन अनुसार जरिवाना हुनेछ ।

**१९) अख्तियारीः** यस कार्यविधिमा दण्ड जरिवाना गर्ने अख्तियारी इलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा नगर प्रहरी कार्यालयका कर्मचारीलाई हुनेछ ।

**२०) कार्वाहीप्रति सुनुवाईः** कार्यविधि अनुसार गरिएका दण्ड सजायप्रति गुनासो, उजुरी तथा कारबाही सम्बन्धि सुनुवाई दमक नगरपालिका न्यायीक समितिले गर्न सक्नेछ ।

**२१) संशोधन र खारेजीः** १) समय सापेक्ष यो कार्यविधि न.पा. बोर्डले संशोधन र खारेजी गर्न सक्नेछ ।

२) माथि जे जस्तो सुकै लेखिएता पनि नेपालको संविधान, संघीय कानुन, प्रदेश कानुन र स्थानीय सरकारका नियम कानुनसँग बाझिन गएमा यो कार्यविधि बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**आज्ञाले**

**गणेश प्रसाद तिम्सिना**

**प्रमुख प्रशासकीय अधिकृत**